**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

## मुख्य समाचार

- पश्चिम बंगाल विधान सभाको बजेट सत्र आज व्यापक हंगामाका बीचमा सुरु भयो, बजेटमा आम जनता, सरकारी कर्मचारी, बेरोजगार युवा र समाजसेवीहरूका लागि धेरै महत्त्वपूर्ण घोषणाहरू गरिएको छ।

- यस वर्षको विधानसभा चुनाव अघि फरवरीको तेस्रो हप्तामा केन्द्रीय गृहमन्त्री अमित शाह दुई दिवसीय पश्चिम बंगाल भ्रमणमा आउने अपेक्षा गरिएको छ।

- राज्यसभा सांसद हर्ष वर्धन श्रृंगलाले आज राज्यसभामा पूर्वोत्तर भारतको रेल, सड़क कनेक्टिविटी र पर्यटन क्षमतामाथि जोर दिनु भयो।

- दार्जीलिङका सांसद  राजु बिष्टले ग्रामीण सडक विकासमा दार्जीलिङ अनि कालेबुङको निम्ति केन्द्र सरकारले  ठूलो लगानीको घोषणा गरिएको आफ्नो विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ ।

- सर्वोच्च अदालतले पश्चिम बंगाल सरकारलाई लगभग २० लाख कर्मचारीहरूको महँगी भत्ता (डीए) बक्यौता तिर्न निर्देशन दिएको छ।

## बंगाल विधानसभा

पश्चिम बंगाल विधान सभाको बजेट सत्र आज व्यापक हंगामाका बीचमा सुरु भयो। यो मुख्यमन्त्री ममता ब्यानर्जीको तेस्रो कार्यकालको अन्तिम बजेट सत्र हो। सत्रको पहिलो दिन, राज्यपाल सी.भी. आनन्द बोसले हंगामाका कारण आफ्नो पूरा सम्बोधन पढ्न सक्नु भएन। राज्यपाल दिउँसो 12 बजेर 30 मिनट भन्दा केही समय अगाडि विधानसभामा आइपुग्नु भयो र अम्बेडकरको प्रतिमामा माल्यार्पण गर्नु भयो। विधानसभा अध्यक्ष विमान ब्यानर्जी र मुख्यमन्त्री ममता ब्यानर्जी पनि उपस्थित थिए। विपक्षी दलका नेता शुभेन्दु अधिकारीले "भारत माता की जय"को नारा लगाए भने जवाफमा तृणमूलका विधायकहरूले "जय बंगला"को नारा लगाएका थिए। निरन्तर हंगामाका बीचमा, राज्यपालले आफ्नो सम्बोधन सुरु गरे तापनि  पुरा पढ्न सक्नु भएन। राज्यपालले मन्त्रिपरिषद्ले तयार पारेको आठ पृष्ठको भाषणको पहिलो तीन पृष्ठ मात्र पढ्नु भयो। "केन्द्रीय सरकारको कारणले लामो समयदेखि रोकिएको घाटाल गुरुयोजना" भन्ने पङ्क्ति पढेपछि राज्यपालले, "म अब पढ्ने छैन," भनेर बस्नु भयो। यसपछि, विपक्षी दलका नेता शुभेन्दु अधिकारीले राज्यपालको प्रशंसा गर्नु भयो।" विधानसभा स्रोतका अनुसार, आठ पृष्ठको सम्पूर्ण भाषणमा विभिन्न राज्य परियोजनाहरूको प्रशंसा र मनरेगाको बारेमा केन्द्र सरकारमाथि लगाइएका आरोपहरू समावेश थिए, तर राज्यपालले ती अंशहरू पढेनन्। यसको प्रतिक्रिया दिनु हुँदै, विपक्षी दलका नेता शुभेन्दु अधिकारीले आफु ४५ मिनेटको भाषण सुन्न आएको, तर राज्यपालले यसलाई साढे चार मिनेटमा समाप्त गरेको बताउनु भयो। उहाँले भाषणमा बंगालका जल्दो मुद्दाहरूको उल्लेख नगरिएको र राज्यपालले केन्द्र सरकार विरुद्ध अनावश्यक आरोपहरूलाई बेवास्ता गरेको बताउनु भयो।

## बंगाल बजेट

मुख्यमन्त्री ममता ब्यानर्जीको नेतृत्वमा रहेको पश्चिम बंगाल सरकारले विधानसभा चुनाव अघि आज आफ्नो अन्तिम अन्तरिम बजेट प्रस्तुत गर्‍यो। वित्त राज्यमन्त्री चन्द्रिमा भट्टाचार्यले प्रस्तुत गरेको बजेटमा आम जनता, सरकारी कर्मचारी, बेरोजगार युवा र समाजसेवीहरूका लागि धेरै महत्त्वपूर्ण घोषणाहरू गरिएको छ। बजेटको सबैभन्दा ठूलो आकर्षण बेरोजगार माध्यमिक तहका

युवाहरूका लागि नयाँ भत्ता योजना थियो। "बंगला युवा साथी" नामक यस योजना अन्तर्गत २१ देखि ४० वर्ष उमेरका बेरोजगार माध्यमिक तहका युवाहरूले प्रति महिना १ हजार ५०० भत्ता पाउनेछन्। यो योजना अगस्ट १५ देखि लागू हुनेछ र अधिकतम पाँच वर्षसम्म उपलब्ध हुनेछ। लोकप्रिय महिला कल्याण कार्यक्रम "लक्ष्मी भण्डार" मा पनि वृद्धि घोषणा गरिएको छ। फरवरीदेखि लागू हुने यो योजना अन्तर्गत प्राप्त रकममा प्रति महिना ५०० रूपियाँले वृद्धि गरिएको छ। बजेटमा यस योजनाको लागि कुल १५ पजार करोडको व्यवस्था गरिएको छ।

**वाईट**

राज्य कर्मचारीहरूलाई राहत प्रदान गर्दै, अन्तरिम बजेटले महँगी भत्ता (DA) मा चार प्रतिशत वृद्धिको घोषणा गरेको छ। यसका साथै, सिभिक भोलेन्टियर र हरित पुलिसको मासिक तलबमा १,००० रूपियाले वृद्धि गरिएको छ, जसमा १५० रूपियाँ करोड छुट्याइएको छ। आशा कार्यकर्ता, आंगनवाडी कार्यकर्ता, आंगनवाडी सहायक र शिक्षाबन्धुहरूको भत्तामा पनि प्रति महिना १ हजार रूपियाँको वृद्धि घोषणा गरिएको छ। आंगनवाडी कार्यकर्ता र सहायकहरूको मृत्यु भएमा उनीहरूको परिवारलाई ५ लाख रूपियाँ क्षतिपूर्ति दिने प्रावधान पनि गरिएको छ। सरकारले पेन्सन पाउनेहरूका लागि स्वास्थ्य सेवाको दायरा पनि विस्तार गरेको छ। पश्चिम बंगाल स्वास्थ्य योजना अन्तर्गत २ लाख रूपियाँ भन्दा बढीको उपचार खर्चको ७५% सम्म नगदरहित हुनेछ। जसका लागि सरकारी सूचना चाँडै जारी गरिनेछ। बजेटले सामाजिक सुरक्षा र भविष्यको अर्थतन्त्रलाई पनि जोड दिएको छ। स्वास्थ्य साथी योजना अन्तर्गत गिग इकोनोमी कामदारहरूलाई समावेश गरिने घोषणा गरिएको छ। यसका साथै, बरुईपुरमा 'सांस्कृतिक शहर', राज्यमा छ वटा औद्योगिक र आर्थिक करिडोर र सूक्ष्म, कुटीर र मझौला उद्योगहरूको लागि पाँच नयाँ औद्योगिक पार्कहरू निर्माण गर्ने प्रस्ताव गरिएको छ।

**<u>शाह- सम्भावित बंगाल भ्रमण</u>**

यस वर्षको विधानसभा चुनाव अघि फरवरीको तेस्रो हप्तामा केन्द्रीय गृहमन्त्री अमित शाह दुई दिवसीय पश्चिम बंगाल भ्रमणमा आउने अपेक्षा गरिएको छ। भारतीय जनता पार्टीका राज्य कार्यकारिणी समितिका एक सदस्यले गृहमन्त्री १७ उरवरीको रात वा 18  फरवरी बिहान कोलकाता आइपुग्ने र १९ फरवरी दिल्ली फर्कने अपेक्षा गरिएको बताउनु भएको छ। यद्यपि, यो भ्रमण जनवरीको अन्त्यमा भएको उनको अघिल्लो बंगाल भ्रमणभन्दा फरक हुने बताइएको छ। त्यस समयमा गृहमन्त्री अमित शाहले उत्तर २४ परगनाको ब्यारेकपुर र दार्जिलिङको सिलगडीमा सार्वजनिक ऱ्याली र पार्टी कार्यकर्ता सम्मेलनलाई सम्बोधन गर्नु भएको थियो। यस पटक, उहाँको ध्यान संगठनात्मक र प्रशासनिक बैठकहरूमा केन्द्रित हुने सम्भावना छ।

राज्य भाजपा समितिका एक सदस्य अनुसार, सम्भावित भ्रमण पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्द्वारा आयोजित उच्च माध्यमिक परीक्षाको समय भएको हुनाले गृहमन्त्रीले यस पटक कुनै पनि सार्वजनिक ऱ्यालीलाई सम्बोधन गर्नु हुने छैन। स्रोतका अनुसार, यस भ्रमणको क्रममा श्री शाहले पार्टीको संगठनात्मक गतिविधिहरूको समीक्षा गर्नु हुनेछ र सांसद अनि विधायकहरू सहित शीर्ष नेताहरूको भूमिका निर्धारण गर्नु हुनेछ। हालै, नयाँ प्रदेश भाजपा अध्यक्ष नितिन नवीनले पश्चिम बंगालबाट निर्वाचित पार्टी सांसदहरूसँग बैठक गर्नुभयो, उनीहरूलाई आ-आफ्नो निर्वाचन क्षेत्रमा बढी ध्यान केन्द्रित गर्न सल्लाह दिनुभयो। गृहमन्त्रीले यस दिशामा सांसद र विधायकहरूलाई स्पष्ट जिम्मेवारी तोक्न सक्ने विश्वास गरिएको छ। यसका साथै, राज्यको २९४ विधानसभा सिटका लागि उम्मेदवार छनोटको मापदण्डको बारेमा पनि प्रारम्भिक छलफल हुने अपेक्षा गरिएको छ।

**<u>निर्वाचन आयोग-बंगाल</u>**

निर्वाचन आयोगले पश्चिम बंगाल सरकारद्वारा माग गरिएको छुट (exemption) अस्वीकार गर्दै 25 जना आई.ए.एस तथा आई.पी.एस अधिकारीलाई नयाँ दिल्ली बोलाएको छ। ती अधिकारीहरूलाई आज र भोलि हुने ब्रिफिङ र समन्वय कार्यक्रममा सहभागी गराइनेछ, जहाँ उनीहरूलाई पश्चिम बंगाल, असम, केरल, तमिलनाडु र पुदुच्चेरीमा हुने आगामी विधानसभा निर्वाचनका लागि पर्यवेक्षकको रूपमा खटाइनेछ। निर्वाचन आयोगले यसअघि पटक–पटक अनुरोध गर्दा पनि पश्चिम बंगाल सरकारले वरिष्ठ आईएएस र आईपीएस अधिकारीहरूको सूची उपलब्ध नगराएको जनाउँदै आएको थियो। राज्य सरकारको उक्त बेवास्तापछि आयोगले स्वतः निर्णय गर्दै अधिकारीहरूको सूची तयार गरेको हो। तयार गरिएको सूचीमा पश्चिम बंगालका गृह सचिव जगदीश

प्रसाद मीना समेत समावेश छन्। निर्वाचन आयोगले निष्पक्ष र पारदर्शी निर्वाचन प्रक्रिया सुनिश्चित गर्न केन्द्रबाट अधिकारीहरू खटाइनु आवश्यक रहेको स्पष्ट पारेको छ।

**राज्यसभा-हर्षवर्धन श्रृंगला**

राज्यसभा सांसद हर्ष वर्धन श्रृंगलाले आज राज्यसभामा पूर्वोत्तर भारतको रेल, सड़क कनेक्टिविटी र पर्यटन क्षमतामाथि जोर दिनु भयो। उहाँले संसदमा आफ्नो वक्तव्य राख्दै पूर्वोत्तर क्षेत्रसित जुड़ेका महत्वपूर्ण मुद्दाहरू उठाउनु भयो  जसमा पूर्वाधार विकास, रेल सम्पर्क संजाल र पर्यटनका अपार संभावनाहरू माथि ध्यान केंद्रित गराउने प्रयास गरियो। उहाँले चली रहेका परियोजनाहरूको प्रगति, केंद्रीय कोषहरूको प्रयोग र यो पहल आम नागरिकहरूलाई  कसरी वास्तविक लाभ पर्याइरहेका छन्, यस बारे श्री शृंगलाले जानकारी माग्नु भयो। प्रधानमंत्रीको नेतृत्वमा आयोजित राइजिंग नर्थ ईस्ट समिटसित संबंधित एउटा प्रश्न उठाउँदै र समिटका परिणामस्वरू बमोजिम पूर्वोत्तर क्षेत्रमा घोषित निवेशलाई लागू गर्नका लागि उठाइएका  पाइलाहरूबारे जानकारी पनि शृंगलाले माग्नु भयो।

**सांसद-विधायक- पीएमजीएसवाई**

दार्जीलिङका सांसद  राजु बिष्टले ग्रामीण सडक विकासमा दार्जीलिङ अनि कालेबुङको निम्ति केन्द्र सरकारले  ठूलो लगानीको घोषणा गरिएको आफ्नो विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ ।  श्री बिष्ट अनुसार प्रधानमन्त्री ग्राम सडक योजना (PMGSY) अन्तर्गत दार्जीलिङ र कालेबुङ जिल्लाका पहाडी क्षेत्र (GTA) मा ४८ वटा ग्रामीण सडक परियोजना स्वीकृत भएका छन्।  जसमा दार्जीलिङमा २१ सडक  अनि  कालेबुङमा  २७ सडक निर्माण गरिने भएको छ । यस परियोजनामा लगभग  २०६.९९ करोड रूपियाँ लगानी हुने बताइएको छ।  जसमा दार्जीलिङका लागि ११०.०४ करोड  अनि  कालेबुङका  लागि ९६.९५ करोड रूपियाँ लगानी हुने छ। सडक निर्माणले ग्रामीण बस्तीहरूमा पहुँच सुधार गर्ने, आर्थिक गतिविधि बढाउने र जनजीवनलाई सहज बनाउने अपेक्षा गरिएको छ।  सांसद बिष्टले ग्रामीण विकास मन्त्रालयसँग मिलेर दार्जीलिङका पहाड, तराई र डुवर्स क्षेत्रमा सडक मागहरू पूरा गर्ने प्रतिबद्धता जनाउनु भएको छ । यसैबीच कालेबुङका विधायक रूदेन सादा लेप्चाले एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै सांसद राजु विष्टले कालेबुङमा 27 वटा पीएमजीएसवाई-को कार्यलाई अनुमोदन गरेको भन्ने कुरामाथि प्रतिक्रिया व्यक्त गर्नु हुँदै यो योजनाको केवल सिफारिस मात्र भएको अथवा सिफारिसको प्रक्रिया मात्र रहेको बताउनु भएको छ। श्री लेप्चाले भन्नु भयो, अझै धेरै कामहरूको सुचि बनिएको छ जुन यसरी नै सिफारिस हुने गर्छ। जबकि उहाँले हाल  केवल 4 वटा कार्यको  मात्र अनुमोदन भएको बताउनु भएको छ। तथापि उहाँले ती चारवटा पीएमजीएसवाई  योजनाको नामहरू सांसद राजु बिष्टले आज सार्वजनिक गरेको सूचीमा जानकारी नदिएको पनि बताउनु भएको छ।

**सर्वोच्च अदालत-डीए**

सर्वोच्च अदालतले पश्चिम बंगाल सरकारलाई लगभग २० लाख कर्मचारीहरूको महँगी भत्ता (डीए) बक्यौता तिर्न निर्देशन दिएको छ। यो निर्देश मुख्यमन्त्री ममता ब्यानर्जीको नेतृत्वमा रहेको पश्चिम बंगाल सरकारको लागि ठूलो झट्का रहेको मानिएको छ । अदालतले मार्च ६ सम्म राज्य सरकारलाई कम्तीमा २५ प्रतिशत डीए बक्यौता तिर्न आदेश दिएको छ। डीए विवाद २००८ र २०१९ को हो। योग्य कर्मचारीहरूलाई नियमअनुसार महँगी भत्ता दिइएको थिएन। सर्वोच्च अदालतले पहिले कर्मचारीहरूको पक्षमा फैसला गरेको थियो, तर राज्य सरकारले यी आदेशहरूको पालना गर्न असफल भयो। आजको फैसलामा, सर्वोच्च अदालतले एक दशकभन्दा बढी समयको डीए बक्यौता तिर्नुपर्ने कुरा दोहोर्‍याएको छ।

**जीटीए- सम्झौता**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन अन्तर्गत  विविध क्षेत्रहरूमा अनुसन्धानसितै  विकास गर्न जीटीए अनि साउथ एशियन इन्स्टिट्यूट फर एडभान्ड्स रिसर्च एण्ड डेभलोपमेन्ट SAIARD बीच समझदारी पत्रमा हस्ताक्षर भएको छ। यस समझौताले जनताको आवश्यकतालाई पनि परिपूर्ति गर्नका लागि जीटीए मुख्य कार्यपाल अनित थापाको निर्देशमा यो पहल गरिएको जीटीएका पीआरओ एसपी शर्माले बताउनु भएको छ। आज सिलगढ़ीमा उक्त समझौता गरिएको हो।

**भागोप्रमो- खरसाङ**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा कार्यालयमा 29 नम्बर खरसाङ गिद्द पहाड समष्टिलाई लिएर सांगठनिक सभा सम्पन्न भयो। 29 नम्बर समष्टिको अध्यक्ष प्रेमेन्द्र गुरुङको अध्यक्षतामा सम्पन्न भएको सभालाई खरसाङ गिद्द पहाड़ समष्टिका महासचिव भक्तिमान तामाङले सञ्चालन गर्नु भएको थियो। सभामा आगामी विधानसभा चुनावमा संगठनले गर्नु पर्ने कार्यक्रमहरूबारे छलफच भएको बताईएको छ। समष्टिका महासचिव प्रेमेन्द्र गुरूङले सभामा उपस्थित नेत्तृत्वहरु समक्ष संगठनले गर्नु पर्ने कार्यहरूबारे जानकारी दिँदै पार्टी अध्यक्ष अनित थापाले आगामी 14 फरवरीको दिन 29 नम्बर समष्टिको भ्रमण रहेको उहाँको भ्रमण अवधि सम्पूर्ण पार्टी कार्यकर्ताहरूलाई एक परिवार भएर कार्य गरिदिने अपिल गर्नु भयो।

**खरसाङ-फुर्वा पूजा**

खरसाङ शेर्पा बुद्धिष्ट एसोसिएशन अनि पूजा समितिको संयुक्त आयोजनामा शेर्पा बस्तीस्थित शेडुप दार्गिलिङ गुम्बामा गत 3 फरवरीदेखि शुरू भएको दोर्जे फुर्वा बज्रकिलाया पुजा आज सम्पन्न भएको छ। एसोशिएसनका पदाधिकारीहरूले जानकारी गराए अनुसार यो पुजा हिमाली महायान बौद्ध परम्परा अनुसार नयाँ वर्षको शुभारम्भको अवसरमा ग्रहदशा तथा विभिन्न बाधा–अवरोध निवारण गरी सम्पूर्ण जगतमा शान्ति, समृद्धि र मंगल कामनाका लागि आयोजित गरिएको हो।

**मौसम**

मौसम विभागले भोली उत्तर र दक्षिण बंगालका धेरै क्षेत्रमा कुहिरो लाग्ने पूर्वानुमान गरेको छ। पश्चिम बर्दवान, वीरभूम, पुरुलिया, झारग्राम, पूर्वी मेदिनीपुर र दक्षिण २४ परगनामा बिहान दृश्यता कमजोर हुन सक्छ। यसरी नै दार्जीलिङ, जलपाईगडी र कुचबिहारमा पनि बाक्लो कुहिरोको चेतावनी जारी गरिएको छ।

****** ० ******